# करारनामा

(निर्माता र गीतकार)

मितिः

लिखितम् का.जि.का.म.न.पा. वडा नं. ......, ........................, काठमाडौंमा कम्पनी रजिष्टार्ड कार्यालय दर्ता भएको...................................................प्रा.लि. (प्रा.लि.नं. ......................................)को तर्फबाट अख्तियार प्राप्त संचालक, जिल्ला .............................. म.न.पा./उप म.न.पा./न.पा./गा.पा. .............................. वडा नं.–........ स्थाई घर भई हाल .........................................वडा नं. ........., ....................., .......................... बस्ने श्री ........................................... (जसलाई यसपछि यस सम्झौतामा प्रथम पक्ष भनि संवोधन गरिएको छ) र जिल्ला ............................ म.न.पा./उप म.न.पा./न.पा./गा.पा. ........................................ वडा नं ...... स्थाई ठेगाना रहीहाल ................. बस्ने (ना.प्र. नं. .....................................) भएकाश्री ............................. (जसलाई यसपछि यस सम्झौतामा दोस्रो पक्ष भनि संवोधन गरिएको छ) बिच तपसिलमा उल्लेखित शर्तहरु पालना गर्न सहमतभई प्रथम पक्षले निर्माण गर्न लागेको .......................................नामक नेपाली कथानक चलचित्रमा **गीतकार**को रुपमा काम गर्न–गराउन मञ्जुर भएकोले मुलुकी देवानी संहिता २०७४ को करार तथा अन्य व्यवस्थाको अधिनमा रही मुलूकी देवानी कार्यविधि संहिता २०७४ को दफा ..... बमोजिम म.न.पा/उ.म.न.पा/न.पा./गा.पा. वडा नम्बर.......... को कार्यालयको रोहवरमा सही छाप गरि ........................................प्रा. लि.को कार्यालय ......................, काठमाडौंमा बसी यो सम्झौतामा सहीछाप गरी एक/एक प्रति बुझिलियौं/दियौं ।

## तपसील

१.यो सम्झौतामा हस्ताक्षर भएको तीस दिन भित्रमा दोश्रो पक्षले मौलिक गीत रचना गरि प्रथम पक्षलाई उपलव्ध गराउने कुरामा दुबै पक्षले मञ्जुर गर्दछौं ।

२. प्रथम पक्षले दोस्रो पक्षलाई मौलिक गीत रचना गरे बापत जम्मा रु .................. ( अक्षरेपी.................................................मात्र) उपलब्ध गराउने कुरामा दुबै पक्षले मञ्जुर गर्दछौं ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने रकममा नेपाल सरकारको नियमानुसार लाग्ने करकट्टी हुनेछ भन्ने कुरामा दुबै पक्षले मञ्जुर गर्दछौं ।

४. दोश्रो पक्षले प्रथम पक्षसँग उचित पारिश्रमिकलिई प्रथम पक्षलाई उपलव्ध गराएको गीतको कपीराईट प्रथम पक्षसँग रहनेछ । साथै कुनैपनि डिजिटल माध्यम, अनलाईन, टिभी, रेडियो लगायत भविष्यमा आउने कुनै पनि माध्यमबाट गीत प्रशारण, प्रदर्शन गरेबापत हुने आम्दानीमा दोश्रो पक्षले कुनै हकदावी गर्न पाउने छैन भन्ने कुरामा दुबै पक्षले मञ्जुर गर्दछौं ।

५. दोस्रो पक्षले रचना गरेर प्रथम पक्षलाई उपलव्ध गराएको गीत कहीँकतैबाट चोरी गरेको पाइएमा त्यसको जिम्वेवार दोस्रो पक्ष एक्लै हुनेछ भन्ने कुरामा दुबै पक्षले मञ्जुर गर्दछौं ।

६. यो सम्झौतामा लेखिएको यसै सम्झौता अनुसार र यसमा नभएको कुरामा नेपाल सरकारको प्रचलित ऐन कानुन अनुसार हुनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

७. यस सम्झौता पत्रमा उल्लिखित शर्तको परिणाम जानी बुझी लेखि लेखाइ एक एक प्रति लियौं दियौं ।

८. माथि लेखिए बमोजिमको शर्त बन्देजहरुको परीपालना गर्नमा हामी दुवै थरिबाट मञ्जुर गरेका छौं ।
मुकाम म.न.पा. ⁄ उप म.न.पा. ⁄ न.पा. ⁄ गा.पा. वडा नम्बर ......, .......................हो ।

.पा. ⁄ उप म.न.पा. ⁄ न.पा. ⁄ गा.पा. वडा नम्बर ......, .......................हो ।

| प्रथमपक्ष | दोस्रो पक्ष |
|---|---|
| नामः ..................................................... | नामः ....................................................... |
| दर्जाः सञ्चालक ⁄ निर्माता | दर्जाः गीतकार |
| कम्पनीको नामः ......................................... | आवद्धताः ................................................. |
| सम्पर्क नम्बरः ........................................... | सम्पर्क नम्बरः ........................................... |
| इमेल ठेगानाः ............................................ | इमेल ठेगानाः ............................................ |
| दा. हस्ताक्षर बा. | दा. हस्ताक्षर बा. |

<u>साक्षीहरु</u>

(क) ..........................................

(ख) ...........................................

(ग) मस्यौदाकर्ताः अधिवक्ता– ...........................................
प्रमाणपत्र नम्बरः ............................................

इति सम्वत् २०........... साल ................. महिना .... गते ..... रोज शुभम्